चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.:

सूचना नं. १९/०८२/०८३

## सहकारी संस्था खारेज गरिएको सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२६)

प्रस्तुत विषयमा चन्द्रकोट गाउँपालिका वडा नं ०२ मा संचालित गतिशील कृषि बहुउदेश्यीय सहकारी संस्था लि. दर्ता नं. ५, २०६५/०६६ दर्ता मिति २०६६/०३/०८ मा डिभिजन सहकारी कार्यालय पाल्पामा दर्ता भई संचालनमा रहेको सहकारी संस्थाको मिति २०८२/०३/०५ गते बसेको साधारण सभाको निर्णयले यस संस्थामा आवद्ध शेयर सदस्यहरुले आफ्नो सदस्यता खारेज गरी शेयर तथा बचत रकम फिर्ताको लागि निवेदन दिनुभएको भनी शेयर सदस्यहरुको खातामा रहेको बचत तथा शेयर रकम फिर्ता गरिसकेको साथै हाल उक्त संस्था संचालन गर्ने शेयर सदस्यहरु समेत नरहेको हुँदा संस्था चलायमान बनाउन नसकिने अवस्था सिर्जना भएकोले ६९ जना शेयर सदस्यहरुको हस्ताक्षर सहित संस्था खारेजीको लागि माग भई आएकोले यस् संस्थामा आवद्ध सम्पूर्ण सरोकारवालाहरुले सूचनाको मितिले (पैतिस) ३५ दिन भित्र कुनै दावी/विरोध भए प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नु हुन भनि मिति २०८२/०५/०८ गते सूचना प्रकाशन गरिएकोमा तोकिएको समय सीमासम्म पनि कुनै लिखित/मौखिक दावी विरोध नआएकोले सहकारी ऐन, २०७४ को दफा ८८, चन्द्रकोट गाउँपालिकाको सहकारी ऐन, २०७८ को दफा ६६ तथा चन्द्रकोट गाउँपालिकाको मिति २०८२/०६/२४ गतेको निर्णय बमोजिम उक्त सहकारी संस्था खारेज गरिएको व्यहोरा अनुरोध छ। अब उप्रान्त उक्त संस्थाको नामबाट कुनै पनि कारोवार नगर्न/नगराउनुहुन समेत जानकारी गराइन्छ।

(प्रकाश चन्द्र शर्मा)
नि.प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

www.chandrakotmun.gov.np/ chandrakotrmun@gmail.com / https://www.facebook.com/chandrakotgaunpalika/phone 079-420004